# गौशाला नगरकार्यपालिकाको ३१औं बैठकको प्रस्तावहरु र निर्णयहरु
## (मिति २०७५।१०।०६)

**प्र.नं.१.नगरपालिकाको विषयगत प्रतिवेदन,**

निर्णय नं.१

नगरपालिका अन्तर्गतका शाखा/ कार्यालयहरुको प्रत्येक महिनाको कार्य सम्पादन तथा प्रगति प्रतिवेदन अर्को महिनाको १०(दश) दिनभित्र नगर-प्रमुखको सचिवालयमा पेश गर्ने निर्णय गरियो ।

**प्र.नं.२. - जनप्रतिनिधिको तलब भत्ता,**

निर्णय नं. २

जनप्रतिनिधिहरुको पौष मसान्तसम्मको तलब तथा भत्ता माघ १५(पन्ध्र) गतेसम्म भुक्तानी गर्ने निर्णय गरियो ।

**प्र.नं.३. - वडा सचिवको पदपूर्ति,**

निर्णय नं. ३

यस नगरपालिकाका सम्पूर्ण वडामा १ हप्ताभित्र वडा सचिवको पदपूर्ति ग्रर्ने निर्णय गरियो ।

**प्र. नं. ४ -आ.व.२०७५।७६ का महत्वपूर्ण योजना,**

निर्णय नं. ४

आ.व. २०७५।०७६ का योजनाहरुको सम्झौता माघ मसान्तभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**प्र. नं. ५ - करार कर्मचारीको म्याद थप,**

निर्णय नं. ५

करार कर्मचारीको म्याद थपका लागि सिफारिस गर्न पदपूर्ति समिति मार्फत गर्ने निर्णय गरियो ।

**प्र. नं. ६ - सर्वदलिय बैठकको निर्णय कार्यान्वयन,**

निर्णय नं. ६

सर्वदलिय बैठकको निर्णय नं. १ कार्यान्वयन गर्ने जिम्मेवारी वडा नं. ३ का वडाध्यक्ष श्री विरेन्द्र चौधरीलाई जिम्मेवारी दिइयो । साथै सर्वदलिय बैठकको अन्य निर्णयहरु कार्यान्वयन गर्न नगरकार्यपालिकाको २४ औं बैठकद्वारा गठित कार्य सहजीकरण समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्र. नं.७ - नगर प्रमुखको काममा सहयोग पुऱ्याउन कर्मचारी खटाउने,**

निर्णय नं. ७

नगर-प्रमुखको काममा सहयोग पुऱ्याउन २०७५ चैत्र मसान्त भित्रको लागि १(एक) जना नायब सुब्बा/खरिदार सरहको कर्मचारी खटाउने निर्णय गरियो ।

**प्र. नं.८ - आ.व. २०७५।०७६ को अर्धवार्षिक समिक्षा सम्बन्धमा,**

निर्णय नं. ८

आगामी कार्यपालिकाको बैठकमा आ.व.२०७५।०७६ को अर्धवार्षिक समिक्षा गर्ने निर्णय गरियो ।

०७५।१०।६

...नाथ महतो
नगर प्रमुख